मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २५१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन १२ गते शनिबार (Saturday, 27 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कलवाइपास गर्दा ...

**झापा, साउन ११।** अवैध रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाइपास (भीओआइपी) सञ्चालन गरेको अभियोगमा काठमाडौँबाट प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोकको लिशङ्खुपाखर गाउँपालिका-५ घर भई बनस्थली बस्ने ४० वर्षीय भूपेन्द्र श्रेष्ठ र झापा गौरीगञ्ज गाउँपालिका-४ घर भई कपन बस्ने २४ वर्षीय खुमप्रसाद गिरी रहेका छन् ।

सरकारको कुनै पनि निकायबाट अनुमति नलिई गैरकानूनी रूपमा भीओआइपी सञ्चालन गरिरहेको

(बाँकी अन्तिम पृष्ठमा)

# राष्ट्र बैंकको लचिलो मौद्रिक नीति




**झापा, साउन ११।** नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति सार्वजनिक गरेको छ। शुक्रबार बालुवाटारस्थित कार्यालयमा गभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीति सार्वजनिक गरेका हुन् ।

सरकारको बजेटको कार्यक्रम, १६ औं योजनालगायतलाई ध्यानमा राख्दै लचिलो मौद्रिक नीति तय गरिएको अधिकारीले बताए ।

चालू आवमा रेमिट्यान्स वृद्धिदर सामान्य रहने भएकाले सञ्चित केही कम हुने अपेक्षा गरिएको उनले बताए । चालू आवमा पनि शोधनान्तर स्थिति बचतमै रहने अनुमान रहेको उनको भनाइ छ ।

पुँजीगत खर्च बढ्ने अपेक्षा गरिएको छ । निजी क्षेत्रमा जाने कर्जा सुधार हुने अपेक्षा गरिएको छ- उनले भने । ब्याजदर घटेको अवस्था रहेको, लगानीयोग्य साधन बढे पनि बैंकहरुको कर्जा विस्तार नभएकोले लचिलो मौद्रिक नीतिलाई निरन्तरता दिइएको केन्द्रीय बैंकले जनाएको छ ।

**बैंकदर र निक्षेप सङ्कलनदर घटाइयो**

नयाँ मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बैंकदर र निक्षेप सङ्कलन दर घटाएको छ । ब्याज दर करिडोरको माथिल्लो सीमाको बैंक दरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दर ५.५ प्रतिशतबाट पाँच प्रतिशत कायम गरिएको छ- मौद्रिक नीति सार्वजनिक गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर अधिकारीले भने ।

ब्याजदर करिडरको तल्लो सीमाका रुपमा रहेको तीन प्रतिशतको निक्षेप सङ्कलन दरलाई भने यथावत् राखिएको छ । बैंक दरमा स्थायी तरलता सुविधा प्रदान हुने व्यवस्थालाई निरन्तरता दिँदै स्थायी तरलता उपलब्ध हुने शर्तहरुलाई लचिलो बनाइने राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात सम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ ।

मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर अधिकारीले सहज मूल्य र बाह्य क्षेत्रको स्थितिलाई मध्येनजर गरी अर्थतन्त्रलाई गतिशील बनाउन सजगतापूर्वक लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको बताए । त्यस्तै उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुनेगरी नियामकीय व्यवस्था तर्जुमा गरिएको उनको भनाइ छ ।

**चालू पुँजी कर्जा मार्गदर्शन संशोधन गरिने**

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीतिमार्फत चालू पुँजी कर्जा मार्ग दर्शनका व्यवस्था संशोधनसहित केही खुकुलो बनाउने नीति लिएको छ ।

विगत दुई वर्षमा अर्थतन्त्रमा देखिएको शिथिलताको अवस्थामा न्यून कर्जा प्रवाहको स्थितिलाई दृष्टिगत गरी चालू पुँजी कर्जा मार्गदर्शनका केही व्यवस्थामा संशोधन गर्न लागिएको राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले जानकारी दिए । चालू पुँजी कर्जा

(बाँकी अन्तिम पृष्ठमा)

# कोशीमा सरकारबाट बाहिरियो माओवादी समर्थन कायमै



**झापा, साउन ११ ।** सरकारलाई दिएको समर्थन कायमै राख्दै नेकपा (माओवादी केन्द्र) कोशी प्रदेश सरकारबाट बाहिरिएको छ ।

माओवादीका मन्त्रीहरूले शुक्रबार पदबाट राजीनामा दिँदै सरकारबाट बाहिरिएका हुन् । मन्त्रीहरूले राजीनामा दिए पनि माओवादीले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन । मुख्यमन्त्री हिक्मत कार्कीकै आग्रहमा हामी अहिलेसम्म सरकारमा रहेका हौं - माओवादी संसदीय दलका नेता ईन्द्र आङ्बोले भने - मुख्यमन्त्रीले प्रदेशमा सहमतिको सरकार नबन्ने भनेपछि हाम्रा मन्त्रीहरुले राजीनामा दिएका हुन् ।

प्रदेशसभा सचिवालयमा पत्रकार सम्मेलनमा मन्त्रीहरुसहित उपस्थित आङ्बोले लगत्तै मन्त्रीहरुले मुख्यमन्त्रीसामु राजीनामा बुझाए ।


अहिलेको सरकार संविधानको धारा १६८ को उपधारा ५ अनुसार बनेको हो र त्यसलाई दिएको समर्थन फिर्ता गर्न सबै सांसद भेला हुनुपर्छ - उनले भने सरकारलाई दिएको समर्थन पनि हामी चाँडै फिर्ता लिन्छौं । प्रदेशमा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छौं ।

एमाले संसदीय दल नेता हिक्मत कार्की नेतृत्वमा गत वैशाख २७ गते सरकार गठन भएको थियो । उक्त सरकारमा माओवादीबाट भौतिक पूर्वाधार मन्त्री गणेश उप्रेती, वन वातावरण तथा पर्यटन मन्त्री नारायण मगर, स्वास्थ्यमन्त्री राजेन्द्र कार्की र वन वातावरण तथा पर्यटन राज्यमन्त्री बन्दना झाँगर थिए ।

चारै जना मन्त्रीहरुले अलग-अलग राजीनामा पत्र तयार पारेर मुख्यमन्त्रीलाई बुझाउने तयारी गरेका हुन् । कोशीमा अब एमाले नेतृत्वको सरकारमा नेपाली कांग्रेस सहभागी हुनेछ । कांग्रेस एमालेबीच भागबण्डाका लागि छलफल शुक्रबारदेखि काठमाडौंमा शुरू हुनेछ ।

# पीडित परिवारलाई सहयोग गर्छौं : सौर्य एयरलाइन्स

**झापा, साउन ११।** जहाज दुर्घटनामा परी निधन भएकाहरुको परिवारलाई सौर्य एयरलाइन्स कम्पनीको तर्फबाट सहयोग गर्ने जनाएको छ। कम्पनीका अध्यक्ष दीपककुमार पोखरेलले शुक्रवार विज्ञप्ति जारी गर्दै कम्पनीमा स्थापनाकालदेखि काम गर्दै आएका सहयोगीहरू गुमाएकोमा दुःख व्यक्त गर्दै परिवारजनलाई कम्पनीकोतर्फबाट हुन सक्नेसम्मको सहयोग गर्ने जनाएका हुन् । उनले दुर्घटनामा ज्यान गुमाएका कर्मचारी र सहयोगीहरुको निधनले आफूहरु भावविह्वल बनेको विज्ञप्तिमा उल्लेख गरेका छन् ।


Govt. Reg. No.: 83288/067/068

Saurya Airlines Pvt. Ltd.

You are in good hands...

सौर्य एयरलाइन्सको विज्ञप्ति

सौर्य एयरलाइन्स प्रा.लि.को स्थापनाकाल देखि एउटै परिवारको रुपमा रही काम गर्दै आउनुभएका हाम्रा अनन्य मित्र एवम् सहयोगीहरुको मिति २०८१/०४/०९ गते अकल्पनीय जहाज दुर्घटनामा परि दिवंगत हुनु भएकोमा हामी अत्यन्त मर्माहत र भावविह्वल भएका छौं । यस दुर्घटनामा परि ज्यान गुमाउनु हुने प्रतिष्ठित यति धेरै विज्ञहरुको क्षतिको कल्पना नै गर्न सकिन्न । यस कम्पनीले मात्रै होइन, परिवार, समाज र राष्ट्रले समेत होनहार विज्ञ व्यक्तित्व गुमाउनु परेको यस दुःखद घडिमा शोकमा रहनुभएका सम्पूर्ण परिवार र आफन्तजनहरुमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

साथै, पिडित परिवारजनलाई कम्पनीको तर्फबाट हुन सक्ने सम्मको सहयोग, साथ र सदभाव सधैं रहने विश्वास दिलाउँछौं । सौर्य एयरलाइन्सको व्यवसायिक विकास र विश्वसनियता आर्जनका लागि उहाँहरुले निष्ठा पूर्वक पुर्याउनु भएको साथ, सहयोग र योगदानको उच्च कदर गर्दै यस संस्थाले सधैं जिवन्त एवं चिर स्मरणीय इतिहासको रुपमा संरक्षण गर्ने विश्वास व्यक्त गर्दछौं । साथै, यस दुर्घटनामा परि बाँच्न सफल हाम्रा अनन्य मित्र क्याप्टेन मनिष शाक्यको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछौं ।

दीपक कुमार पोखरेल
अध्यक्ष तथा सम्पूर्ण
सौर्य एयरलाइन्स प्रा.लि.

मिति: २०८१/०४/११

Babu Ram Acharya Marg, Sinamangal - 9, Kathmandu, Nepal, P.O. Box: 3337, Tel: +977 1 4116608, 4116609, 4116610
Reservation: +977 1 4116626, Email: info@sauryaairlines.com, Web: www.sauryaairlines.com

सौर्य एयरलाइन्स प्रालिको स्थापनाकालदेखि एउटै परिवारको रुपमा रही काम गर्दै आएका हाम्रा अनन्य मित्र एवम् सहयोगीहरुको २०८१ साल साउन ९ गते अकल्पनीय जहाज दुर्घटनामा परी दिवंगत हुनु भएकोमा हामी अत्यन्त मर्माहत र भावविह्वल भएका छौं - विज्ञप्तिमामार्फत् अध्यक्ष पोखरेलले भनेका छन्, -यस दुर्घटनामा परी ज्यान गुमाउनु हुने प्रतिष्ठित यति धेरै विज्ञहरुको क्षतिको कल्पना नै गर्न सकिन्नँ । यस कम्पनीले मात्रै होइन, परिवार, समाज र राष्ट्रले समेत होनहार विज्ञ व्यक्तित्व गुमाउनु परेको यस दुःखद घडीमा शोकमा रहनु भएका सम्पूर्ण परिवार र आफन्तजनहरुमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

सौर्य एयरलाइन्सको व्यवसायिक विकास र विश्वसनीयता आर्जनका लागि उनीहरूले निष्ठापूर्वक योगदान गरेको विज्ञप्तिमा छ । पीडित परिवारजनलाई कम्पनीको तर्फबाट हुन सक्ने सम्मको सहयोग, साथ र सदभाव सधैं रहने विश्वास दिलाउँछौं । साथै, यस दुर्घटनामा परी बाँच्न सफल हाम्रा अनन्य मित्र क्याप्टेन मनिष शाक्यको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछौं - विज्ञप्तिमा छ ।

गत बुधबार काठमाडौंमा जहाज दुर्घटना भएपछि सौर्य एयरलाइन्सले पहिलो आधिकारिक धारणा सार्वजनिक गरेको हो ।

# पेट्रोलपम्पबाट नक्कली नोटसहित पक्राउ

**झापा, साउन ११।** प्रहरीले एक हजार थानका १३ वटा नेपाली रुपैयाँका नोटसहित २ जनालाई चन्द्रपुर नगरपालिका-१० बालचनपुरबाट पक्राउ गरेको छ ।


पक्राउ पर्नेहरूमा सर्लाही गोडैता नगरपालिका-८ बस्ने ३२ वर्षीय नजरे आलम र २४ वर्षीय इमामुल हक दर्जी छन् ।

बाग्मती प्रदेश ०२-०२१ प ६३६८ नम्बरको मोटरसाइकलमा नक्कली नोट ओसारपसार भइरहेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्याल चन्द्रनिगाहपुरबाट खटिएको टोलीले स्थानीय पेट्रोल पम्पमा पेट्रोल हाल्दै गरेको अवस्थामा पक्राउ गरेको हो ।

उनीहरूलाई चेकजाँच गर्ने क्रममा सिट कभरभित्र लुकाएको नक्कली नोट बरामद भएपछि दुवैलाई पक्राउ गरिएको हो ।

# गौशाला २६ को निवेदन- ममाथि बलात्कार भएको होइन

**झापा, साउन ११।** क्रिकेटर सन्दीप लामिछानेले आफूलाई बलात्कार नगरेको भन्दै गौशाला २६ ले उच्च अदालतको फैसलाविरुद्ध पुनरावेदन नगरिदिन निवेदन दिएकी छन् ।



उनले केही दिनअघि उच्च सरकारी वकिल कार्यालय पाटनमा निवेदन दिँदै उच्च अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन नगरिदिन आग्रह गरेको उच्च सरकारी वकिल कार्यालय स्रोतले जानकारी दिएको छ ।

उनले आफूमाथि बलात्कारको घटना नै नभएको समेत निवेदनमा उल्लेख गरेकी छन् । आफूले संस्थाको दबाबमा सन्दीपविरुद्ध जाहेरी दिएको निवेदनमा उल्लेख छ । गौशला २६ को निवेदन ३-४ दिन पहिले आएको छ । उनले आफूमाथि बलात्कार नभएको र संस्थाको दबाबमा परेर जाहेरी दिएको भनेकी छन् । उनले उच्च अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन नगरिदिन पनि अनुरोध गरेकी छन्- उच्च सरकारी वकिल कार्यालय स्रोतले भन्यो ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासले गत जेठ २ गते सन्दीपलाई निर्दोष ठहर गर्दै सफाइ दिने फैसला सुनाएको थियो ।

गत सता उक्त फैसलाको पूर्णपाठ सार्वजनिक भएको थियो । अदालतबाट पूर्णपाठ सार्वजनिक भएसँगै सर्वोच्चमा पुनरावेदनका लागि जाने बाटो खुलेको थियो । तर पीडित भनिएकी किशोरीले नै आफू पीडित नरहेको र पुनरावेदन नगरिदिन आग्रह गरेकी हुन् । काठमाडौँ जिल्ला अदालतले गत पुस २५ गते गौशाला-२६ बालिग रहेको ठहर गर्दै सन्दीपलाई बलात्कारको मुद्दामा ८ वर्ष कैदको फैसला गरेको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

### समाचारप्रति रूचि घट्दो

# फेसबुक र टिकटकमा युवाको रूचि

**झापा, साउन ११।** मानिसहरूमा समाचारप्रतिको रुचि कम हुँदै गएको एउटा विश्वव्यापी अध्ययनले देखाएको छ ।

उक्त अध्ययनका अनुसार धेरै मानिसले समाचारलाई निराशाजनक, कठोर र नीरस मान्ने गरेका छन् ।

विश्वभरि १० मध्ये झण्डै चार जना (३९ प्रतिशत) मानिसहरूको रुचि समाचारमा नभएको अक्सफोर्ड यूनिभर्सिटीको रोएटर्स इन्स्टिच्यूटले गरेको एक अध्ययनले देखाएको छ । सन् २०१९ मा त्यस्ता मानिसको प्रतिशत २९ थियो । युक्रेन र मध्यपूर्वमा भइरहेको युद्धका कारण मानिसहरूको रुचि समाचारमा घटेको यो अध्ययनको प्रतिवेदन लेखकहरूले जनाएका छन् ।




समाचारबाट टाढै बस्न खोज्ने प्रवृत्ति अहिलेसम्मकै उच्च भएको 'डिजिटल न्यूज रिपोर्ट' शीर्षित उक्त प्रतिवेदनको दाबी छ । यो प्रतिवेदन तयार पार्न गत जनवर र फेब्रुअरीमा ब्रिटिश बजार अनुसन्धाता कम्पनी 'यूगोभ'ले विश्वभरिका ४७ देशमा गरेको सर्वेक्षणमा ९४,९४३ जनालाई संलग्न गराएको थियो ।

विश्वभरिका कैयौं देशमा भइरहेको निर्वाचनका बीच उक्त प्रतिवेदन सार्वजनिक भएको थियो ।

अध्ययनले चुनावका कारण केही देशहरूमा समाचारप्रतिको रुचि बढ्दै गएको पनि देखाएको छ । त्यस्तो देशमा संयुक्त राज्य अमेरिका पनि पर्छ । तर समग्रमा भने समाचारप्रतिको रुचि घट्दै गएको अध्ययनले देखाएको छ । विश्वभरि समाचारप्रति धेरै रुचि राख्ने मानिसहरू ४६ प्रतिशत छन् । सन् २०१७ त्यस्ता मानिसको सङ्ख्या ६३ प्रतिशत थियो। यूकेमा समाचारप्रतिको

(बाँकी अन्तिम पृष्ठमा)

## फ्ल्याट भाडामा



झापाको सुरुङ्गास्थित पूर्व बसस्टेण्ड महेन्द्र हाइवेसँगै जोडिएको सिद्धार्थ बैंक बसेको कामक्ष भवनको ग्राउण्ड फ्लोर साथै दोस्रो र तेस्रो तला बैंक, होटल, हस्पिटल, कन्सल्टेन्सी साथै अन्य व्यावसायिक प्रयोजनका लागि अति उपयुक्त फ्ल्याटहरु भाडामा छ। भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क :**

९८५१०१३५८८, ९८०८७३०४९७
९८०१०४३०३६, ९८५१३३६३३३

## भारतमा बन्धक बनाइएका २८ मजदुरको उद्धार

**झापा, साउन ११।** भारतमा ५ महिनादेखि बन्धक बनाइएका २८ जना नेपाली मजदुरहरूको उद्धार गरिएको छ ।

सिराहाका २१ जना र धनुषाका ७ जना मजदुरलाई उद्धार गरिएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले कश्मीरको श्रीनगरमा ५ महिनादेखि बन्धक बनाइएका २८ नेपालीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको टोलीले उद्दार गरेको जानकारी गराएका छन । उद्धारका लागि मन्त्रालयका सचिव दिनेश भट्टराई नेतृत्वको टोली सक्रिय रहेको उनले बताएका छन् ।

मानव वेचविखन नियन्त्रण समितिले शुक्रवार सबैलाई घरघर पठाउने छ - प्रधानमन्त्री ओलीले भनेका छन् - उद्दार कार्यको सफलताका लागि मन्त्रालयका सचिव दिनेश भट्टराई सहित टोलीलाई धन्यवाद !

# कचनकवलमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम

**कचनकवल, साउन ११।** झापाको कचनकवल गाउँपालिका, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र करूणा फाउण्डेसन नेपालबीच अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमका लागि त्रिपक्षीय सम्झौता भएको छ ।

सम्झौता पत्रमा कचनकवल गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसादसिंह राजवंशी र फाउण्डेसनका व्यवस्थापक सन्तोष घिमिरेले हस्ताक्षर गरेका हुन् । सम्झौतामा 'कार्यक्रमको सञ्चालन कचनकवल गाउँपालिकाको स्वामित्वमा रहनेछ र यसको अवधि २०८१ सालको श्रावण १ गतेदेखि २०८४ सालको असार मसान्तसम्म हुनेछ । प्रारम्भिक दुई वर्षको अवधिमा साझेदार संस्था, मन्त्रालय र पालिकाबीच लागत साझेदारी हुने छ भने तेस्रो वर्षमा मात्र पालिकाले मन्त्रालयसँग लागत साझेदारी गर्नेछ । कार्यक्रमको बजेट र लेखा नेपाल सरकारको प्रचलित कानून अनुसार व्यवस्थापन गरिनेछ- उल्लेख छ ।

कार्यक्रमले जन्मजात अपाङ्गता रोकथाम, जन्मपछि हुने अपाङ्गताको न्यूनीकरण, अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिकरण र सशक्तिकरणमा विशेष जोड दिनेछ । यसका साथै, अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण र सशक्तीकरणका लागि थप अवसर प्राप्त हुने अपेक्षा गरिएको छ । सम्झौतामा विवाद समाधान र सम्झौतामा संशोधन गर्नका लागि प्रचलित कानून र निर्देशनको पालना गर्ने व्यवस्था गरिएको छ ।

करुणा फाउण्डेसन नेपालका व्यवस्थापक सन्तोष घिमिरेले कार्यक्रमको उद्देश्य जन्मजात अपाङ्गता रोकथाम र जन्मपछि हुनसक्ने अपाङ्गताको न्यूनीकरण गर्नु रहेको बताएका छन् ।

यस कार्यक्रमको शुरुवात २०८१ सालको श्रावण १ गतेबाट हुने र यो कोशी प्रदेशका १३७ वटै पालिकामा लागू हुनेछ । कचनकवल गाउँपालिकामा कार्यक्रमको कार्यान्वयन, पुनःस्थापना सेवा र अपाङ्गता मैत्री सुविधाका विषयमा विभिन्न दिशा निर्देशहरू राखिएका छन् ।

सम्झौतामा कार्यपालिका सदस्यहरू, विभिन्न शाखाका प्रमुखहरू, फाउण्डेसनका प्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिहरूको समूहका प्रतिनिधिहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका प्रतिनिधिहरू उपस्थित थिए ।

## गौशाला ...

त्यसविरुद्ध सन्दीप लामिछाने उच्च अदालत पाटन गएका थिए । किशोरीको तर्फबाट पनि उनी नाबालिग नै रहेको दाबी गर्दै उच्च अदालतमा निवेदन दिएका थिए । उच्च अदालतले जिल्ला अदालतको फैसला बदर गर्दै सन्दीपलाई सफाइ दिएको थियो ।

गौशाला २६ ले सन्दीपविरुद्ध २०७९ भदौ २१ गते प्रहरी वृत्त गौशालामा बलात्कारको आरोपमा जाहेरी दिएकी थिइन् । २०७९ असोज २० गते काठमाडौँ फर्किएका सन्दीपलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेर अनुसन्धान शुरु गरिएको थियो । काठमाडौँ जिल्ला अदालतले कात्तिक १८ गते सन्दीपलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

उक्त आदेशविरुद्ध सन्दीपले उच्च अदालतमा निवेदन दिएका थिए । उच्च अदालतले विदेश जान नपाउने सर्तसहित पुस १८ गते २० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो । त्यसविरुद्ध पनि सर्वोच्च पुगेका सन्दीपलाई सर्वोच्च अदालतले फागुन १५ गते विदेश जान पनि बाटो खोलिदिएको थियो ।

## राष्ट्र ...

मार्गदर्शनमा उल्लेखित 'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजन गर्नै पर्ने व्यवस्थालाई २०८२ साउन १ गतेबाट लागू हुने गरी समयावधि थप गरिनेछ- मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर अधिकारीले भने - लघु, घरेलु, साना एवम् मझौला उद्यमको लागि तोकिएको रु. एक करोडको सीमालाई पुनरावलोकन गरिनेछ ।

त्यसैगरी रु. दुई करोडसम्मको लघु, घरेलु, साना तथा मझौला उद्यम्, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा दुई प्रतिशत बिन्दूभन्दा बढी प्रिमियम थपेर ब्याजदर निर्धारण गर्न नपाउने व्यवस्थामा कृषिका लागि सहयोगी उद्योग, कृषि औजार, उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित क्षेत्र थप गर्ने गरी पुनरावलोकन गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

निष्क्रिय वर्गमा वर्गीकरण भएको कर्जा नियमित भइसकेको अवस्थामा छ । महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जन गरी छ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था मिलाइने पनि मौद्रिक नीतिमा जनाइएको छ ।

मौद्रिक नीतिमा चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ्ग कारोबारमा बन्देज हुने गरी खाता रोक्का राख्ने लगायतका व्यवस्था परिमार्जन गर्ने गरी विद्यमान कर्जा सूचना तथा कालो सूची सम्बन्धी निर्देशनमा पुनरावलोकन गरिने उल्लेख छ ।

**लघुवित्त संस्थालाई गाभिनका लागि प्रोत्साहन**

लघुवित्त वित्तीय संस्थालाई एकआपसमा गाभिनका लागि प्रोत्साहन गर्ने लक्ष्यका साथ नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेको छ । त्यस्ता संस्थाको सेवा सम्बन्धमा रहेका गुनासोको सम्बोधन गर्दै ग्राहकहित संरक्षण गर्ने नीतिको प्राथमिकता छ ।

अन्तर्राष्ट्रिय असल अभ्यास समेतका आधारमा ग्राहकहित संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक नियामकीय व्यवस्था गरिने नेपाल राष्ट्रबैंकका गभर्नर अधिकारीले जानकारी दिए ।

लघुवित्त वित्तीय संस्थाहरुले कर्जामा लिने ब्याजदर तथा सेवा शुल्क सम्बन्धी नियामकीय व्यवस्थामा समसामयिक पुनरावलोकन गर्ने, परिस्थितिबस ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्ने प्रबन्ध नीतिले गरेको छ । कुनै निश्चित प्रदेश वा क्षेत्रमा आफ्नो कार्यक्षेत्र सीमित राखी कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रोत्साहन गर्न थप व्यवस्था मिलाइने नीतिमा उल्लेख छ ।

**संस्थागत शेयर धितो कर्जामा २० करोडको सीमा खारेज**

मौद्रिक नीतिमा संस्थागत शेयर धितो कर्जामा तोकिएको अधिकतम सीमा खारेज गरेको छ । व्यक्तिगततर्फको शेयर धितो कर्जामा मौद्रिक नीतिले केही नयाँ व्यवस्था ल्याएको छैन ।

मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको परिस्थितिमा पुँजी बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु. २० करोडको सीमा खारेज गरिनेछ-, मौद्रिक नीति सार्वजनिक गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर अधिकारीले भने ।

धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाबाट हुने प्रत्यक्ष ऋण लगानीलाई क्रमशः कम गर्दै मार्जिन ट्रेडिङको अवधारणालाई प्रोत्साहन गर्ने अभिप्रायसहित नेपाल राष्ट्र बैंकले हालसम्म ३४ धितोपत्र दलाल कम्पनीलाई सहमति प्रदान गरिसकेको मौद्रिक नीतिमा उल्लेख छ ।

**वैदेशिक रोजगारमा जानेलाई बिनाधितो ऋण उपलब्ध गराइने**

मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारमा जानेहरुका लागि बिनाधितो कर्जा उपलब्ध गराउने व्यवस्था ल्याएको छ ।

चालू आर्थिक वर्षको बजेटमा उल्लेख भएको उक्त विषय कार्यान्वयनका लागि राष्ट्र बैंकले मौद्रिक नीतिमा पनि उल्लेख गरेको हो । त्यस्तै, चालू आवको बजेटले कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जा सहज बनाउने नीति लिएकामा त्यसलाई कार्यान्वयनका लागि राष्ट्र बैंकले पहल गरेको छ ।

नेपाल सरकारको २०८१/०८२ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ - मौद्रिक नीतिमा भनिएको छ -बजेट वक्तव्यमा उल्लेखित कृषिउपजको धितोमा समेत सहज रुपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइनेछ । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिनेछ । युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याउन सहजीकरण गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ ।

त्यस्तै, सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि राष्ट्र बैंकले सरकारलाई सहयोग तथा समन्वय गर्ने भएको छ । सरकारको २०८१/०८२ को बजेट वक्तव्यमा उल्लेख भएको बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रु. पाँच लाखसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारलाई सहजीकरण गरिनेछ- चालू आवको मौद्रिक नीतिमा भनिएको छ ।

**सम्पत्ति व्यवस्थापन ऐन र एआई मार्गदर्शन ल्याइने**

चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् नेपाल राष्ट्र बैंकले सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा बनाएर सरकारलाई बुझाउने र कृतिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) मार्गदर्शन तयार पार्ने योजना सार्वजनिक गरेको छ ।

बढ्दै गइरहेको डिजिटल प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) सम्बन्धमा आवश्यक अध्ययन गरी यसबाट सृजना हुनसक्ने जोखिम पहिचान गरी सोलाई न्यूनीकरण गर्दै कृत्रिम बौद्धिकतालाई अधिकतम सदुपयोग गर्न यससम्बन्धी मार्गदर्शन तर्जुमा गरिनेछ- राष्ट्र बैंकले मौद्रिक नीतिमा उल्लेख गरिएको छ ।

त्यस्तै, चालू आर्थिक वर्षभित्र सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तयार पारेर सरकारलाई बुझाउने लक्ष्य पनि राष्ट्र बैंकले लिएको छ । बैंक तथा वित्तीय संस्थाको निष्क्रिय सम्पत्ति तथा गैर-बैंकिङ सम्पत्ति व्यवस्थापन गर्न सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेश गरिनेछ- मौद्रिक नीतिमा भनिएको छ ।

बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानून बनाउन नेपाल सरकारसँग समन्वय गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ । त्यसैगरी मौद्रिक नीतिले ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टकृत संस्थाबाट जारी गरिएका ऊर्जा बन्ड लगायत ऊर्जा सम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था ल्याएको छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको लागि गरिएका व्यवस्थालाई थप प्रभावकारी बनाउन अधिक जोखिम रहेका विभिन्न क्षेत्रका सूचक संस्थालाई 'गो-एएमएल' प्रणालीमा आवद्ध गरिने नीति पनि लिइएको राष्ट्र बैंकले जनाएको छ ।

## कलवाइपास ...

भन्ने सूचनाका आधारमा नेपाल टेलिकम र एनसेलको प्राविधिक सहयोगमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

प्रहरीले वनस्थली खरिबोटस्थित भूपेन्द्रको घरबाट भीओआइपीमा प्रयोग गरिएका विभिन्न उपकरण, राउटर एक थान, आठ पोर्टको भीओआइपी गेटवे एक थान, इन्भर्टर एक थान, ब्याट्री एक थान, नेपाल टेलिकमको सीमकार्ड एक थान र एनसेलको सीमकार्ड नौ थान बरामद गरेको छ । उनीहरूमाथि दूरसञ्चार ऐन, २०५३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौँबाट पाँच दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## फेसबुक ...

रुचि सन् २०१५ को तुलनामा झण्डै आधाले घटेको छ ।

**किन घट्यो रुचि**

पछिल्ला वर्षहरूमा समाचारका विषयहरू प्रायः कठोर र निराशाजनक देखिएका छन्,- अध्ययन प्रतिवेदनका मुख्य लेखक निक न्यूमनले भनेका छन् । यो बीचमा महामारी र युद्ध चल्यो । यस्तोमा मान्छेहरूले समाचारप्रति रुचि नराख्नु स्वाभाविक हो । आफ्नो मानसिक स्वास्थ्यलाई जोगाउन होस् वा आफूलाई अन्य कुरामा केन्द्रित गर्न मान्छेले समाचारप्रति रुचि देखाउन छाडेका छन् । न्यूमनका अनुसार मान्छेहरूले समाचारलाई बेवास्ता गर्नुको कारण उनीहरूले आफूलाई 'शक्तिहीन' महशुस गर्नु पनि रहेको छ । "यस्ता मानिसहरू विश्वभरिमा भइरहेका ठूला ठूला घटनाप्रति आफ्नो सरोकार नभएको ठान्छन्- उनी भन्छन् ।

कतिपयलाई भने आफ्नो वरिपरिका घटनाक्रमबारे आउने बारम्बारका समाचारले दिक्क बनाउनुका साथै दुबिधामा पार्ने गरेको छ । कतिपयलाई भने राजनीतिक विषयहरूले दिक्क बनाएको पनि उनले बताए । मुख्यतः महिला र युवाहरूलाई आफ्नो वरिपरिका घटनाक्रमको समाचारको सङ्ख्याले त्यसप्रतिको रुचि घटाएको प्रतिवेदनमा उल्लेख छ ।

समाचारप्रतिको विश्वास भने ४० प्रतिशत मानिसहरूमा यथावत् छ । तर समग्रमा कोभिड महामारीको समयभन्दा यो चार प्रतिशतले घटेको अध्ययनले देखाएको छ । यो वर्ष यूकेमा समाचारप्रतिको विश्वास केही वृद्धि भएर ३६ प्रतिशत पुगेको छ । तर सन् २०१६ मा भएको ब्रेक्जिट जनमत सङ्ग्रहमा भन्दा यो १५ प्रतिशत कम हो । यूकेमा सबैभन्दा विश्वासिलो समाचारको स्रोत बीबीसी छ । दोस्रो र तेस्रोमा क्रमशः च्यानल फोर र आईटीभी छन् ।

**युवामा समाचारको स्रोत टिकटक**

उक्त प्रतिवेदन अनुसार टेलिभिजन र छापाजस्ता परम्परागत समाचारका माध्यमहरूप्रति मानिसको रुचि पछिल्लो दशकमा निकै कम भएको छ । युवापुस्ताले समाचारका लागि अनलाइन वा सामाजिक सञ्जाललाई स्रोत मानेका छन् । यूकेमा ७३ प्रतिशत मानिसहरूको समाचारको स्रोत अनलाइन रहेको छ । टेलिभिजन ५० प्रतिशत र छापा केबल १४ प्रतिशत मानिसका लागि समाचारको स्रोत रहेको छ । अहिले पनि समाचारका लागि सबैभन्दा महत्वपूर्ण सामाजिक सञ्जालको माध्यम फेसबुक नै छ । तर यसको माध्यमबाट समाचार पढ्ने मानिसहरूको सङ्ख्यामा निरन्तर ह्रास आइरहेको छ ।

धेरैका लागि यूट्यूब र ह्वाट्स्याप पनि समाचारका लागि मुख्य स्रोत बनेका छन् । टिकटक पछिल्लो समयमा समाचारका लागि लोकप्रिय माध्यम बन्दै गएको छ र पहिलो पटक 'एक्स' (यसअघिको ट्विटर)लाई पनि यसले पछि पारेको छ । समाचारका लागि १३ प्रतिशत मानिसले टिकटकको प्रयोग गर्ने गरेका छन् भने एक्स १० प्रतिशतले प्रयोग गर्छन् । १८ देखि २४ वर्षको उमेर समूहका मानिसहरूमा हेर्ने हो भने यो सङ्ख्या २३ प्रतिशत छ । यो परिवर्तनले मुख्य गरी युवा पुस्तामाझमा समाचारको अनलाइन स्रोतका रूपमा भिडिओ महत्त्वपूर्ण माध्यम बन्दै गएको देखाउँछ ।

**युवापुस्ताको माध्यम भिडिओ**

प्रतिवेदन अनुसार छोटो अवधिका भिडिओमा प्रस्तुत हुने समाचारप्रति मानिसको बढी रुचि देखिन्छ । उपभोक्ताहरूले भिडिओप्रति रुचि देखाइरहेका छन् किनभने यसको प्रयोग सजिलो छ र यसमा ताजा र मानिसहरूलाई लोभ्याइरहने सामग्रीहरू धेरै छन् - न्यूमन भन्छन् । तर धेरै जसो परम्परागत सञ्चारगृह अहिले पनि छापामा जस्तै अक्षरको संस्कृतिमा अल्झिरहेका छन् र उनीहरू कथा वाचनका नयाँ शैलीहरू अपनाउन सङ्घर्ष गरिरहेका छन् । एक प्रतिवेदनका अनुसार प्रकाशकहरूका लागि समाचारको 'पडकास्ट' संस्करण अबको समयमा उपयुक्त हुन सक्छ । तर पडकास्ट धेरै कमले गर्ने गतिविधि रहेको र यसले मुख्यतः शिक्षित श्रोतालाई मात्रै आकर्षण गर्ने अध्ययनले देखाएको छ ।

प्रतिवेदनले सर्वसाधारण मानिसमाझ विशेष गरी राजनीति वा युद्धजस्ता घटनाक्रमबारे समाचार सङ्कलनका लागि एआईको कसरी प्रयोग हुन्छ भन्ने बारेमा चासो रहेको देखाउँछ । पत्रकारलाई विस्थापन गर्ने नभई अनुवाद र अक्षराङ्कन जस्ता काममा उनीहरूलाई सहयोग पुग्ने गरी एआईको प्रयोग हुनेमा धेरैले सहज मानेका छन् -उनी भन्छन् ।


"प्राविधिक शिक्षा आजको आवश्यकता, प्राविधिक शिक्षा पढौं, स्वरोजगार बनौं"

ADMISSION OPEN | भर्ना खुल्यो !! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन स्वीकृत प्राप्त बिगत १९ वर्षदेखि उत्कृष्ट नतिजा ल्याउन सफल श्री सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय बिर्तामोड झापामा शैक्षिक सत्र २०८१/०८२ का लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो ॥

**कार्यक्रमहरू** — **प्रि-डिप्लोमा तह**

१) भेटेरिनरी, जे.टी.ए. - १८ महिने
२) कृषि जे.टी.ए. - १८ महिने
३) सिभिल सव ओभरसियर -१८ महिने



- शैक्षिक योग्यता SEE/SLC वा सो सरह
- फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गतेसम्म
- ग्रेड ए देखि सबै ग्रेडले फारम भर्न सक्नेछन् ।
- NG (not grading) आएका विद्यार्थीहरुले समेत फारम भर्न सक्नेछन्
- पूरक परीक्षामा सामेल विद्यार्थीले समेत फारम भर्न सक्नेछन् ।
- प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१ श्रावण ११ गते दिउँसो १:०० बजे

स्थान : नयाँ भद्रपुररोड, लिटल फ्लावर विद्यालयबाट २०० मि. दक्षिण बिर्तामोड नपा-४, झापा (d}ofnLuf] k'j{f]/ftf\/)
Email : institutesaptashree@gmail.com

सम्पर्क नम्बर : ९८२७९५३९६३ / ९८५२६७१००४ / ९८२४०६१२५९ / ९८५२६७३५७८ / ९८५२६७४७२० / ९८४२७५८०५० / ९८५२६७९८८७ / ९८६२७६९४७८ / ९८०६०३९३४४

श्री सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय
बिर्तामोड न.पा. ०४, झापा



तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं ।

**रोमानीयामा रोजगारी**

1. INTERNATIONAL WORK FINDER

Pre Approval Date: 2079/11/17 | चलानी नं.: ६०१९८१६६ | LOT No. 281582 | Re Approval Date: 2081/04/03

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | 550 | ७३,३१५ | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 20 | 0 | 650 | ८६,६५० | | | | | | | | |
| 3. | Cook Helper | 20 | 0 | 550 | ७३,३१५ | | | | | | | | |
| 4. | Factory Helper | 26 | 0 | 550 | ७३,३१५ | | | | | | | | |
| 5. | Gardener | 20 | 0 | 550 | ७३,३१५ | | | | | | | | |
| 6. | General Worker | 25 | 10 | 550 | ७३,३१५ | | | | | | | | |

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १४ गते सोमवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ ।


AMCON OVERSEAS PVT. LTD
श्रम इजाजत नं. ६४/०६३/०६४
सम्पर्क : ०२३५३५०७४/५३५०७२/५३०१०६
फोन : ९८५२६९१९९९, ९८५२६७४८०९, ९८१६०१५४८८, ९८०७९६३७९५, ९८१६०१६२०९, ९८५२६७४८१०, ९८१६०१६२०९
Email : pangdhakgroup@gmail.com





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# मैले खोजेको देशभित्रका राजेश ढुंगाना



लता खरेल




नेपालको सुदूरपूर्वी जिल्ला झापाको सुन्दर नगरी भद्रपुरलाई सिर्जनाथलो बनाएर कविता लेखनमा समर्पित अग्रज कवि राजेश ढुङ्गाना नेपाली साहित्यको क्षेत्रमा सुपरिचित नाम हो। उनले आफ्ना सुन्दर सुन्दर कृतिहरू नेपाली साहित्यलाई पस्केर ठूलो योगदान दिएका छन्।

लामो समयदेखि कविका रूपमा स्थापित उनको पहिलो कविता सङ्ग्रह हो- सुकिला मान्छेको सामुहिक मृत्यु। पहिलो कविता कृतिबाट सर्वाधिक चर्चामा रहेका कवि राजेश ढुङ्गानाले भर्खरै नेपाली साहित्यको काव्यात्मक फूलबारीमा एउटा अर्को कृति थपेका छन्, जुन कृति हो- मैले खोजेको देश। आज म मेरो हातमा रहेको राजेश ढुङ्गानाद्वारा प्रकाशित मैले खोजेको देश कविता कृतिभित्र रहेका कविता, कविताको बनोट, त्यहाँभित्रको विषय, शब्दभाव र केही कविताका बारेमा आफ्ना विचार राख्ने प्रयास गरेकी छु।

कवि राजेश ढुङ्गानाको मैले खोजेको देश कविता सङ्ग्रह २०८१ साल बैशाख ६ गते काठमाडौंमा विमोचन भएको थियो। यो कविता कृति सुन्दर कलात्मक आवरणले सजिएको छ। यसको कभर पेज र भित्री पानाहरू पनि उत्कृष्ट रहेका छन्। यो कविता कृति मझ्यौला आकारको रहेको छ। यस कविता कृतिमा अत्यन्तै आकर्षक ढङ्गले अहिलेको आधुनिक प्रविधि प्रयोग गरेर अर्थात् एआइको प्रयोग गरेर कभर पेजमा सुन्दर कलाकृतिले नेपाली भेषभूषामा सजिएको नेपाली युवकले काँधमा नेपालको झण्डा बोकेर देशप्रतिको दायित्वबोध गरेको जस्तो अनुभूति गरिएको चित्र देख्न सकिन्छ।

आवरणको पृष्ठभूमिमा दृश्यचित्रले नेपालको हिमाल पहाड र तराईको भौगोलिक स्वरूपलाई पनि देखाएको छ। यस कविता कृतिमा मझौला आकारका र छोटा-छोटा जम्मा ६७ वटा कविताहरू सङ्कलन गरिएका छन्। प्रस्तुत कृतिको प्रकाशक मीना ढुङ्गाना रहेकी छन्। कविता सङ्ग्रहमा कविले आफ्नी आमा समानकी प्रिय निरु दिदीलाई कविता कृति समर्पित गरेका छन्। कविता सङ्ग्रहको शुरुवातमा आदरणीय कवि, समालोचक र पत्रकार हरि अधिकारीको छोटो समीक्षा प्रस्तुत छ।

त्यसपछि अग्रज कवि, लेखक मदन पुरस्कार विजेता कृष्ण धरावासीले कविको बारेमा साङ्गोपाङ्गो अध्ययन गरी भूमिका प्रस्तुत गरेका छन्। धरावासीको यो भूमिका पढिरहँदा आफ्नै साथी कवि राजेश ढुङ्गानाको जीवनको इतिवृत्तान्त, संघर्षपूर्ण कथा व्यथाहरू, जीवनका उकाली ओरालीहरु, दुःख र कष्टहरू छर्लङ्ग बुझिन्छ। कवि राजेश ढुङ्गाना कस्तो व्यक्तित्व हो र ऊ कसरी यहाँसम्म आइपुग्यो भन्ने कुरा सो भूमिकाबाट स्पष्ट हुन्छ।

उनले नेपाली साहित्यका गद्य कविहरू भूपी शेरचन, हरिभक्त कटुवाल, दुबसु क्षेत्री, विष्णुविभु घिमिरे लगायतका कविता र कविको हाराहारीमा पुग्न सफल कवि राजेश ढुङ्गानाको कवित्व देखिन्छ भनेका छन्। कवि राजेश ढुङ्गानाले मेरो भन्नु शीर्षकमा आफ्ना लेखन यात्रा र कविताबारे विचार राखेका छन्। पछाडिको पातोमा अग्रज समालोचक प्रमोद प्रधान र साहित्यकार कवि विवश पोखरेलका कविता सम्बन्धी धारणा छ। यी सबै भूमिका र भनाइहरूले कविता सङ्ग्रहको गरिमालाई अझ उच्च बनाएको छ।

एकपटक लड्दैमा जीवन सकिँदैन, लडेर फेरि उठ्नु चाहिँ जीवन हो- यो भनाइ राजेश ढुङ्गानाको जीवनमा चरितार्थ हुन्छ। जीवन र जगतका समस्याले र समाज र राजनीतिका विकृतिले जब मन, मस्तिष्कलाई छुन थाल्छ अनि कविको मन तरङ्गित बनाउँछ र भावनाहरू सल्बलाउन थाल्छन् र साहित्य जन्मिन्छ, कविता जन्मिन्छ, कथा जन्मिन्छ, यी सबै भोगाइलाई कविले आफ्नो हृदयको कुनामा राख्छ र आफ्ना भाव, विचार र अनुभूतिहरुले सिँगार्न थाल्छ। यसरी नै कवि राजेश ढुङ्गानाका कविताहरू जन्मिएका देखिन्छन् र नेपाली साहित्यको सुन्दर बगैँचामा कवि राजेश ढुङ्गाना एउटा फूल भएर ढकमक्क फुलेका छन्।

आजभन्दा करिब ४० वर्षभन्दा अगाडिदेखि काव्य सिर्जनामा समर्पित बनेका कवि राजेश ढुङ्गानाको मैले खोजेको देश कविताकृतिभित्र यथार्थ र कल्पनाको सम्मिश्रण रहेको छ। जहाँ हाम्रा भोगाइका विविध अनुभूति पाइन्छन्। राजेश ढुङ्गानाका कवितामा आफ्नै स्वाद छ, मौलिकता छ। उनी प्रायः छोटा-छोटा र मझौला आकारका कविता नै लेख्न मन पराउँछन्। छोटा भए पनि मन मस्तिष्कलाई तरङ्गित पार्ने च्वास्स रोप्न सक्ने र मनलाई आकर्षण गर्न सक्ने शक्ति उनका कवितामा रहेका छन्। उनका कवितामा कतै विद्रोह आक्रोश पोखिन्छन् त कतै शालीनता पाइन्छ। पुरातन सोचले ग्रस्त भएको हाम्रो समाजमा रहेको विकृति र विसङ्गतिलाई आफ्ना विचारका कोर्राले हिर्काउँछन् उनी। उनका कविता कति भावुक छन् र कति शक्तिशाली छन् भन्ने कुरा यहाँ प्रस्तुत गर्न चाहन्छु। देखुँ नदेखुँ कवितामा उनी भन्छन्-

*तिमीले*
*केही देखिनौ*
*आँखामा*
*आँशु भरिएको थियो*
*मैले पनि केही देखिनँ*
*नयनमा*
*तिमी जमेकी थियौ।*

यस कवितामा एक अर्काप्रतिको प्रेम समर्पणको मार्मिक अभिव्यक्ति छ।

जीवन र जगतको बारेमा राजेश ढुङ्गाना अलि फरक दृष्टिकोण राख्छन्। कहिलेकाहीँ उनको जीवनदर्शनको सोच डगमगाउँछ। कहिलेकाहीँ सामाजिक विकृति र मानिसको व्यवहारले गर्दा उनका आशावादी स्वरहरू निराशातिर मोडिन खोज्छन् र मस्तिष्कलाई हल्लाउन आउँछन्। उनी जीवन र दृष्टि भन्ने कवितामा फरक दृष्टिकोण प्रस्तुत गर्दछन् र पनि जीवनप्रति आशावादी छन्।

युद्ध र स्वतन्त्रता राम्ररी बुझेका कविले कवितामा क्रान्तिका स्वरहरू उरालेका छन्। उनी कवितामा भन्छन्- युद्ध अझै पनि भूमिगत छ। पहिला पड्काएका बन्दुकहरु साक्षी छन्। बेकामे बन्दुकहरूका बिरुद्धमा बन्दुक नै उठ्न सक्ने सम्भावना अझै रहेको छ- यस्तो क्रान्तिकारी सोच छ कविको हृदयमा। उनी हाम्रा प्राप्ति प्रति असन्तुष्ट छन्। वास्तवमा यो सत्य हो, यथार्थ हो। उनका कवितामा जन्म र मृत्युको सम्बन्धलाई पनि गहिरो रुपमा हेरेको पाइन्छ। कुनै कविता हेर्दा यस्तो लाग्छ, कवि राजेश ढुङ्गाना कवि मात्र नभएर एक महान दार्शनिक हुन्। उनका कविता पढिरहँदा आफूलाई जीवनको एउटा दर्शन पढिरहेको बोध पनि हुन्छ। मृत्यु शीर्षकको कवितामा कवि राजेश ढुङ्गाना लेख्छन्-

*मृत्यु छेउबाटै*
*बाकटे हानेर गएको छ*
*गएको भूकम्प त फेरि फर्कन्छ भन्छन्*
*कतै मेरै छेउ र मेरै वरिपरिबाट सुत्त गएको मेरो मृत्यु कतै*
*एक्कासी फर्कने त होइन ?*

कविताले धेरै गहनता, यथार्थता स्वीकार गरेका हुनाले कविता उचाइमा पुगेका छन्। आदिमकालदेखि सत्ताले किन जनता देख्दैन ? किन राष्ट्रियता देख्दैन ? किन समस्या देख्दैन ? कविले कवितामा खरो प्रश्न गरेका छन्।

हरेक कविताहरू कलात्मक छन्। गहिरा छन्। भावमय छन्। कविता पढ्दा एउटा बेग्लै आनन्दको अनुभूति हुन्छ। उनका कविताले मन र मस्तिष्कलाई गम्भीर बनाउँछन्। कतै-कतै प्रयोग गरिएका शब्दहरू निर्लज्ज हाँसिदिन्छन्, लाज मान्दैनन्। कवि राजेश ढुङ्गानाका कविताहरू यो जगत र मानवताबाट टाढा भागेका छैनन्। कविता सत्तामोह र स्वार्थमा लागेका नेताहरू देखेर दिक्क मानेका छन्। पहिलो कृतिमा शालीन देखिएका कवि राजेश ढुङ्गाना दोस्रो कृतिमा आइपुग्दा अलिक विद्रोही देखिएका छन्। शायद समयले, जीवनका तिक्त भोगाइले उनी विद्रोही भएका हुन् कि ? हामी पनि जीवनप्रति कहाँ आशावादी छौं र!

कृष्ण धरावासीले भूमिकामा भने जस्तै भावुकता नभएको मानिस कवि हुनै सक्दैन। त्यही भावुकताले निकास नपाए या विद्रोही बनाउँछ या निराश। कवि राजेश ढुङ्गाना कहिले भावुक निराश बनेका छन्। जसले कविता पढ्छ उसलाई मेरै निम्ति लेखेको हो कि ? मेरै भावना समेटिएको हो कि ? या मैले आफैले लेखेको हो जस्तो लाग्ने जीवन्त कविता लेख्न सक्ने क्षमता छ कविमा।


साँच्चै कवितालाई अझै मेहनत गरेर मसिनो गरेर पढ्ने हो भने मन र मस्तिष्कलाई जुरुक-जुरुक उचाल्न सक्ने क्षमता र तागत रहेका छन्- राजेश ढुङ्गानाका कवितामा। जति पढ्यो पढौँ-पढौँ लाग्ने, जति बुझ्यो अझै गहिराइमा डुबाउन सक्ने कविता छन्, यस कृतिभित्र। वास्तविक कविता नै पढेको जस्तो अनुभूति हुन्छ, यो सङ्ग्रह पढ्दा। हाम्रा साझा भोगाइका विम्बका रूपमा आएको छ, यो कृति।

अन्त्यमा, म एउटा सामान्य कविले र कविताको पाठकले एउटा सिङ्गो इतिहास रच्न सफल भएका अग्रज कवि र कविताको बारेमा जुन लेख्ने साहस गरेँ, यो मेरो लागि अमूल्य अवसर हो। साँच्चै ! म भाग्यमानी छु कि मैले देश बोलेको, समाज बोलेको, हामी सबैको मन मस्तिष्क र भावना बोलेको एउटा कृति अध्ययन गर्ने र केही लेख्ने अवसर पाएँ। यो कृतिको समीक्षा होइन, समीक्षा त हातमा कविता कृति परेर जब पढ्न थालिन्छ अनि सबैको मन-मस्तिष्कले कविताको समीक्षा गर्न थाल्छ। यो त मैले सङ्ग्रहभित्र पसेर कविता छिचोल्ने सामान्य प्रयास मात्र गरेकी हुँ।

# देवहूति महाकाव्य संक्षिप्त चर्चा



भीमप्रसाद दहाल




**१. थालनी**

कवि मित्रप्रसाद दाहालद्वारा लिखित 'देवहूति' महाकाव्य मिति २०८०/०३/२५ गते कन्काई प्रतिभा प्रतिष्ठान, सुरुङ्गा झापाको ब्यानरमा सार्वजनिक भयो। नेपाली साहित्य परम्परामा 'चन्द्रहंश' आदि चारवटा महाकाव्य, खण्डकाव्य, शोककाव्य, कविता सङ्ग्रह र कथा सङ्ग्रहको लेखन प्रकाशन गरिसकेका दाहालले आफू चौरासी वर्ष लागेपछि 'देवहूति' महाकाव्यको रचना प्रारम्भ गरी पचासी वर्ष लाग्दा लाग्दै यसको विमोचन गर्न सफल बने। श्रीमद्भागवत महापुराणको तृतीय स्कन्धको कर्दम, देवहूति र कपिलको कथा संवादबाट विषयवस्तु चयन गरी प्रस्तुत महाकाव्यको रचना भएको छ। त्यसैले यो महाकाव्य पौराणिक स्रोतमा आधारित महाकाव्य बनेको छ। काव्य पौराणिक भए पनि कविले यसमा मौलिकताका प्रशस्त छनक अभिव्यक्त गरेका छन्। यहाँ यसै काव्यमाथि परिचयात्मक टिप्पणी प्रस्तुत गरिएको छ।

**२. देवहूति : संरचनात्मक चिनारी**

प्रस्तुत महाकाव्य लघुआयामिक संरचनाको रहेको छ। यसमा यथोचित रूपमा भूमिका लेखन, प्रकाशकीय लेखन र लेखकीय मन्तव्य तथा समर्पण पृष्ठ समेत रहेका छन्। पछिल्ला केही पृष्ठमा भागवत प्रसिद्धि, गायत्री मन्त्रचर्चा, लेखक परिचय र लेखकका बारेमा भएका शोधकार्यको सूचना प्रदान गरिएको छ।

**२.१ बाह्य संरचना**

मूलतः महाकाव्यको सर्गविभाजनको प्रारम्भबाट यसको बाह्य संरचना मानेर यहाँ त्यसका बारेमा थप स्पष्ट पारिन्छ। यसरी हेर्दा यो महाकाव्य १२३ पृष्ठका अठार सर्गमा संरचित छ। वार्णिक छन्दमा आधारित ८८४ वटा श्लोक रहेको यस महाकाव्यमा १५ वटा छन्दको प्रयोग भएको देखिन्छ। तिनमा मत्ता, इन्दिरा र इन्द्रवज्रा १/१ वटा, शालिनी र स्वागता २/२ वटा, चित्रलेखा ३, पञ्चचामर ५, द्रुतविलम्बित ६, भुजङ्गप्रयात र शिखरिणी ७/७, स्रग्धरा १८, वसन्ततिलका ४९, शार्दूलविक्रीडित १६१ र अनुष्टुप्का ६०७ श्लोक गरी जम्मा यहाँ ८८४ वटा श्लोक रहेका छन्।

**२.२ आन्तरिक संरचना**

'दवहूति' महाकाव्यमा प्रयुक्त कथावस्तु झिनो छ। यसको सर्गगत कथ्य सन्दर्भलाई यहाँ सङ्क्षेपमा व्यक्त गरिन्छ। सर्ग एकमा नमस्कारात्मक, आशीर्वादात्मक र वस्तुनिर्देशनात्मक तीनै प्रकारका मङ्गलाचरणका साथ भागवत कथाको भावानुवाद गर्न लागेको प्रसङ्ग उल्लेख छ। सर्ग दुईमा नारायणको महिमा, कर्दमले पत्नीप्राप्तिका लागि तपस्या गरेको र पुत्रप्राप्ति हुने सङ्केतलाई देखाइएको छ। सर्ग तीनमा सरस्वती किनारको कर्दम निवासमा स्वायम्भूव मनुले छोरी देवहूति दिने वाचा गरेको कुरा आएको छ भने चौथो सर्गमा कर्दमदेवहूति विवाह र मानवसृष्टिको वर्णन गरिएको छ। पाँचौँमा प्रेमप्रणय र निष्काम सेवाको चर्चा गर्दै छैटौँ सर्गमा कर्दमदेवहूतिको गार्हस्थ्यको वर्णन, यान भ्रमण र गहना प्राप्तिको प्रसङ्ग उल्लेख छ। सातौँ सर्गमा देवहूतिको कामेच्छा, प्रणयसौख्य, ९ वटी पुत्री प्रप्ति र कपिलको जन्म भएको कथा उल्लेख छ भने आठौँ सर्गमा प्रजापतिमा पुत्री अर्पण, विष्णु स्तुति, कर्दमले छोरो कपिलसँग सन्यासका निम्ति अनुमति मागेको र कर्दम वन प्रस्थान गरेको घटना अभिव्यक्त गरिएको छ। नवौँ सर्गमा देवहूतिले विष्णु अवतारका रूपमा आएका पुत्र कपिलको स्तुति गरेको र कपिलले अध्यात्म योगको व्याख्या गरेको प्रसङ्ग उल्लेख छ।

दशौं सर्गमा प्रेममय भक्ति चिन्तन, मोक्षचित्रण, अष्टसिद्धि र २४ गुणको सङ्केत गरिएको छ। एघारौँ सर्गमा साङ्ख्य दर्शन सम्बन्धी २४ गुण, महत् तत्त्व, अहङ्कार, पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन, बुद्धि आदिको व्याख्य गर्दै बाह्रौँ सर्गमा प्रकृति (जड) तत्त्व र पुरुष (चेतन) तत्त्वका बारेमा प्रकाश पारिएको छ। यसै सर्गमा भ्रमसत्य, अहङ्कारको आक्रमण र चित्तमा बुद्धिले भ्रमात्मक रूपमा पुऱ्याएको बाधालाई उल्लेख गरिएको छ। तेह्रौँ सर्गमा योग विमर्श, एकाग्र चित्तको महत्त्व, ईश्वरको साकार रूपको उपादेयता र समसामयिक नीतिशिक्षाका बारेमा जानकारी गराइएको छ। चौधौँ सर्गमा भौतिक वस्तुप्रतिको बेवास्ता, जीवनमोक्ष, सदेहमुक्ति र भक्तिमहिमाका बारेमा प्रस्ट पार्दै पन्ध्रौँ सर्गमा जीवको अज्ञानताको वर्णन, प्राणीहिंसा विरोध, अहङ्कारको चित्रण, भक्तियोग जस्ता पक्षमा केन्द्रित रहेर विचार व्यक्त गरिएको छ।

सोह्रौँ सर्गमा जन्मप्रक्रिया, पुण्य र मानवजीवनको सम्बन्ध, जीवनबन्धन, प्रेमान्धको जालो र स्थूल शरीरबारे स्पष्ट पारिएको छ। सत्रौँ सर्गमा सकाम भक्ति निर्गुण/निराकार ब्रह्म चिन्तन, त्रिगुण व्याख्या, अविद्या नष्ट र मोक्षप्राप्ति, पितृलोक एवम् देवलोकका बारेमा जानकारी गराइएको छ। अठारौँ सर्गमा कपिलबाट प्राप्त शिक्षा/ज्ञानका प्रभावले देवहूतिको मोहजाल हटेको, उनले आफूभित्रै सुख र ज्ञानको स्रोत अनुभव गरेको, विष्णुको स्तुति गरेको, कपिलले वनप्रस्थानका निम्ति आमासँग अनुमति माग्दै वनगमन गरेको, देवहूति निर्विकार, शान्त र सन्तुष्ट बन्दै तपस्याका निम्ति प्रस्थान गरेको घटना चित्रण गरिएको छ। यसरी महाकाव्यको सर्गगत कथ्य सन्दर्भ परिपूर्ण बनेको छ।

प्रस्तुत महाकाव्यको कथावस्तु एक प्रकारले वंशपरम्परा जस्तो बनेर सातौँ सर्गसम्म गएको छ। यहाँसम्म पुग्दा महाकाव्यले कर्दम र देवहूतिको वंशको चित्रण गर्ने लक्ष्य राखे झैँ लाग्दछ। तर, आठौँ सर्गबाट पाठकको यो भ्रम सामाप्त हुन्छ। कपिलको जन्म र कर्दमको सन्यास ग्रहणपछि सिलसिलाबद्ध कथ्य विन्यासमा एक प्रकारले रोकावट आउँछ। यसपछिको महाकाव्यिक आख्यान विविधतामा दार्शनिक चिन्तन र त्यसको व्याख्याले रोकावट ल्याउँछ र देवहूति र कपिल (आमाछोरा)मा मात्र अबको सन्दर्भ केन्द्रित हुन्छ। यथार्थतः साङ्ख्य दर्शनको मूल औचित्य सिद्धि गर्ने लेखकीय ध्येय रहेकाले सोही पक्षमा महाकाव्यको आगामी यात्रा तय हुन्छ र देवहूति तथा कपिलाचार्यबीचका पारस्परिक संवादबाट वस्तुतथ्यको प्रकटीकरण गरिन्छ। तसर्थ, आंशिकरूपमा योग र ध्यानको चर्चा भए पनि र भक्तियोगको चित्रण गरिए पनि साङ्ख्य विचारबारे मूलभूत रूपमा यहाँ परिचर्चा गरिएको छ। विशेषतः कपिलाचार्य स्वयम् साङ्ख्य दर्शनका प्रणेता भएकाले पनि कविलाई यसो गर्न सहज बनेको देखिन्छ।

**३. मोक्ष चिन्तन**

महाकाव्यले उठाएको मूल विषय भनेको मोक्ष चिन्तन हो। जीव जन्मिएपछि जन्मको सारबारे बुझ्नु जरुरी रहेको कुरा उल्लेख गर्दै जन्ममृत्युको चक्रबाट मानवले विशेषतः मुक्ति खोज्नुपर्ने ठहर यहाँ गरिएको छ। मोक्षका निम्ति प्रथमतः अविद्याको जालो हट्नु आवश्क छ। प्रकृति र पुरुषबारेका यथार्थ ज्ञानले मात्र जीवमा भ्रमज्ञान समाप्त हुन्छ भन्ने साङ्ख्य दर्शनकेन्द्री तथ्य यस महाकाव्यमा व्यक्त गरिएको छ। प्रकृति जड पदार्थ हो र पुरुष चेतन तत्त्व हो। जीवमा आविर्भाव भएको बुद्धिले अविद्याका कारण संसारका भौतिक वस्तुलाई सत्य ठान्न पुग्छ र जीव सदैव यथार्थ ज्ञानबाट विमुख रहन्छ। यसका लागि भक्तियोग, ध्यान, मोहभङ्ग, मोक्षचिन्तन, महत् आदि गरिएका २४ तत्त्वको यथार्थ ज्ञान जस्ता कुराको सूक्ष्म विवेचन आवश्यक रहेको कुरा यस महाकाव्यको दार्शनिक सौन्दर्य हो। सकाम भक्ति र निष्काम भक्तिका बारेमा पनि यहाँ प्रस्ट पारिएको छ।

त्यसैगरी सदेह मुक्ति र विदेह मुक्तिका बारेमा विशद चर्चा गर्दै सदेह मुक्तिका सन्दर्भमा पृथ्वीलाई नै स्वर्गका रूपमा चित्रण गर्न खोजिएको पनि पाइन्छ। महाकाव्यको वैचारिकता अनुसार हरेक मानिसको मूल लक्ष्य भनेको विदेह मुक्ति हुनुपर्छ। तसर्थ मृत्युपछि पुनः जन्मचक्रको बन्धनमा नपर्ने गरी मानिसले सायुज्य मोक्षका निम्ति एकाग्रचित्त भई प्रकृति र पुरुषका बारेमा तत्त्वबोध गर्नु नितान्त आवश्यक रहेको कुरा यस महाकाव्यको उद्देश्य हो। व्यावहारिक जीवनमा देखा पर्ने मोहले मानिसलाई कहिल्यै परमार्थ चिन्तनमा लग्न नदिने भएकाले देवहूतिले जस्तै भवबन्धनको कर्तव्य समाप्तिपछि मोक्ष साधनामा लाग्नुपर्ने कुरा महाकाव्यको सार पक्ष हो। सांसारिक चक्रको आवागमनबाट पूर्ण मुक्ति नै मानव जीवनको कर्तव्य हो भन्ने यस महाकाव्यको विचारलाई महाकवि दाहालले सरलतम रूपमा चर्चा गरेका छन्। भौतिक शरीरको मोहमा फँसेर आत्मिक पक्षको बेवास्ता गर्नु भनेको पुनः सांसारिक भवचक्रका कीटपतङ्गका रूपमा परिणत हुनु हो भन्ने दार्शनिक पक्ष यस महाकाव्यको दर्शनशास्त्रीय चिन्तनको मर्म हो।

**४. निष्कर्षः**

प्रस्तुत महाकाव्य पौराणिक विषयवस्तुमा आधारित छ। सामान्य वंशपरम्पराको प्रस्तुति रहे पनि महाकाव्यका अधिकांश सर्गहरू साङ्ख्य दर्शनको सौन्दर्यात्मक चिन्तनमा केन्द्रित छन्। कपिलाचार्यले साङ्ख्य दर्शनको विशद व्याख्या गरे पनि त्यसप्रतिको लगाव र समर्पण माता देवहूतिको रहेको छ। अन्ततः देवहूतिले पुत्र कपिलाचार्यका माध्यमबाट मोक्षबारे यथोचित ज्ञानार्जन गरेको र भूमिकाका सन्दर्भमा पनि धेरै सर्गमा देवहूतिकै कार्यव्यापार रहेकाले यो महाकाव्य नायिकाप्रधान बनेको छ। स्वयम् महाकाव्यका रचनाकार दाहालले पनि देवहूतिलाई नै केन्द्रमा राखेर दार्शनिक सौन्दर्यको चर्चालाई अगाडि बढाएका छन्। यसर्थ यो कृति नारी पात्रप्रधान बनेको छ। यसमा वार्णिक छन्दको प्रयोग पाइन्छ। छन्द प्रयोगका सामान्य त्रुटि बाहेक यसमा सीमाभन्दा शक्ति पक्ष नै बढी रहेको निष्कर्ष निकाल्न सकिन्छ।

कविता

## गठबन्धन

शंकर शर्मा ठाकुर

म यहाँ बेच्दैछु
गठबन्धनमा मेरो इज्जत र धरोहरहरू
म मेरो आत्मा र अस्तित्वहरू
मलाई कसैले यहाँ मासुका चोक्टा र
बियर खुवाए भने मलाई कसैले यहाँ
सुरा र सुन्दरी ल्याइ दिए भने
म यहाँ बेच्दैछु गठबन्धनहरू ।
मेरो इच्छा र आकांक्षाहरू
मलाई मतलब छैन मेरो आफ्नो
पार्टी-पौवासँग मलाई कुनै मतलब छैन
मेरो सिद्धान्तहरूसँग मलाई मतलब छैन
मैले बोलेका बचनहरूसँग मलाई मतलब छैन
म त मात्र आफ्नो स्वाभिमान बेच्दैछु गठबन्धनमा ।
कोही छ यहाँ मेरो बोलिका दाम लगाउनेहरू
कोही छ यहाँ मेरो अस्तित्वको पहिचान गराउनेहरू
कोही छ यहाँ मेरो मानवताको
सौदा गर्नेहरू म त मात्र यहाँ
आफ्नो शान बेच्दैछु गठबन्धनमा
को कस्को पार्टीको, को कस्को साथीको
कस्को चिन्हको, कस्को प्रतिक
म त मात्र आफ्नो इमान बेच्दैछु गठबन्धनमा ।
भन्नेहरू पनि धेरै छन्, किन्नेहरू पनि धेरै छन्
म र मेरो बलिदानका कुराहरू तिमी
मेरो घोषणा पत्रमा गएर हेर म तिम्रो
बलिदानका कथाहरू म प्रष्ट पारेर लेख्नेछु गठबन्धनमा
इतिहासका पानाहरूमा रक्ताम्य अवस्थामा
लतपतिएका लासहरू मेट्ने छौं यो गठबन्धनमा
म शेर हुँ भन्थ्यो म एक्लै हिंड्छु
गाउँ-गाउँ एक्लै डुल्छु
मलाई कस्ले के गर्छ
जब पार्टी फुट्ने आयो निर्देश
अनि केही रहेन शेष
तब शेर र स्याल एकै ठाउँमा
मुसो र बिरालो एकै ठाउँमा
त्यसैले त आज बेच्दैछु गठबन्धनमा
मेरो यहाँ बेच्दैछु गठबन्धनमा ।

*मेचीनगर-१३, चारआली*

## गजल



शिशिर भट्टराई

किन्नै लायक छैन वस्तु जुन त्यो हेरेर के हुन्छ र ?
घाटा हुन्छ भने सधैँ पसलमा बेचेर के हुन्छ र ?
छोडी देश तिमी गयौ सब उतै पोख्यौ कला कौशल,
छातीभित्र प्रगाढ देश ममता भेटेर के हुन्छ र ?
दोषी कर्म गरे कुनै समयले देखाउने नै छ है,
केहीबेर अगाडि घाम करले छेकेर के हुन्छ र ?
नेताको मनभित्र धर्म नभए बद्लिन्न यो देश नै,
नेपालीपनका सुशोभित लुगा बेरेर के हुन्छ र ?
माटाको रङ लेख्न सक्छ कसले ? लेख्नेहरू हो सुन,
सीमा त्यो मिचिँदैछ प्रेम कविता लेखेर के हुन्छ र ?

# पूर्वीनाकाबाटै चार अर्बको तरकारी आयात

**झापा, साउन ११।** नेपाली भान्सामा भारतीय तरकारीको निर्भरता कस्तो अवस्थामा रहेछ भनेर थाहा पाउन एक वर्षमा पूर्वीनाका काँकरभिट्टाबाट आयात भएको ताजा तरकारीको तथ्यांक हेरे पुग्छ।

आर्थिक वर्ष २०८०/०८१ मा पूर्वीनाका भएर चार अर्ब ५६ करोड २३ लाख ८० हजार रुपैयाँ मूल्य बराबरको दुई लाख २८ हजार एक सय १९ मेट्रिक टन ताजा तरकारी नेपाल भित्रिएको छ। जसमध्ये एक अर्ब दुई करोड २२ लाख ६० हजार रुपैयाँ मूल्य बराबरको ५१ हजार एक सय १३ मेट्रिक टन गोलभेडा आयात भएको प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाले जनाएको छ।

कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर यादवका अनुसार सोही अवधिमा ५७ करोड ५३ लाख ८० हजार रुपैयाँ मूल्य बराबरको २८ हजार आठ सय ६९ मेट्रिक टन करेला, ३० करोड सात लाख ८० हजार रुपैयाँ मूल्य बराबरको १५ हजार ३९ मेट्रिक टन भिन्डी, २९ करोड ५७ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको १४ हजार सात सय ८७ मेट्रिक टन हरियो खुर्सानी आयात भएको छ।

त्यसैगरी २९ करोड ३२ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको १४ हजार छ सय ६२ मेट्रिक टन स्कुस, २१ करोड १४ लाख ८० हजार रुपैयाँ मूल्य बराबरको १० हजार पाँच सय ७४ मेट्रिक टन फर्सी र १५ करोड ६७ लाख २० हजार रुपैयाँ मूल्य बराबरको सात हजार आठ सय ३६ मेट्रिक टन बोडी भारतबाट आयात भएको छ।

तरकारी जस्तै फलफूलमा पनि भारतीय निर्भरता अत्यधिक छ। गत आव २०८०/०८१ मा काँकरभिट्टा नाका भएर चार अर्ब ८७ करोड ६५ लाख १८ हजार रुपैयाँ मूल्य बराबरको ९८ हजार तीन सय ९४ मेट्रिक टन ताजा फलफूल भारतबाट आयात भएको छ। त्यसैगरी दुई अर्ब ७७ करोड ३५ लाख ३६ हजार रुपैयाँ मूल्य बराबरको एक लाख १५ हजार छ सय ६४ मेट्रिक टन आलु भारतबाट आयात भएको क्वारेन्टिन कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार सोही अवधिमा ९९ करोड ७८ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको २४ हजार नौ सय ४६ मेट्रिक टन भुइँकटहर, ४२ करोड १५ लाख रुपैयाँ मूल्य बराबरको लसुन, ४५ करोड १६ लाख आठ हजार रुपैयाँ मूल्य बराबरको तरबुजा र ३३ करोड ५२ लाख रुपैयाँ मूल्य बराबरको ड्रागन फ्रुट भारतबाट भित्रिएको छ।

# 'कान्छी मट्याङट्याङ'का गायक जोशी अस्ताए



**झापा, साउन ११।** नेपाली लोकसङ्गीतका प्रतिभाशाली गायक लक्ष्मीप्रसाद (एलपी) जोशीको ८८ वर्षको उमेरमा निधन भएको छ।

दमक-१ स्थित आफ्नै निवासमा बेहोस भएका उनको उपचारका क्रममा लाइफ लाइन अस्पतालमा निधन भएको हो। वि.सं. १९९३ मा धनकुटा बजारमा जन्मिएका गायक जोशीलाई जनस्तरबाट 'लोकगीतका सम्राट'को उपाधि दिइएको थियो। उनले 'रिटिङ रिटिङ नबजाऊ बिनायो', 'वल्लो खोलो पल्लो खोलो, कमिलाको गोलो हजुर', 'निगालो घारीमा च्याखुरा नाच्यो', 'कान्छी मट्याङट्याङ' लगायत दर्जनौँ कालजयी गीत गाएका थिए।

पूर्वेली लोकभाका उनी गीत गाउँथे। 'रिटिङ रिटिङ नबजाऊ बिनायो' गीत २०१७ सालमा रेकर्ड भएको थियो। उनी चित्रकार र अभिनेता पनि थिए। चलचित्र 'हिजो आज भोलि'मा उनले नायिका भुवन चन्दसँग नायकको भूमिकामा अभिनय गरेका थिए। उनले नौ वटा चलचित्रमा अभिनय गरेका थिए।

सुसेली साहित्यिक परिवारका अध्यक्ष पुण्यप्रसाद खरेलले लोकगायक एलपी जोशीको निधन नेपाली लोकसङ्गीतको क्षेत्रमा अपूरणीय क्षति भएको बताए। 'उहाँ घाँस दाउरा गर्ने भुइँमान्छेहरुको भावना टपक्कै टिपेर सङ्गीतको लयमा ढाल्नुहुन्थ्यो' खरेलले शोक वक्तव्य जारी गरेर भने।

वि.सं. २०१३ मा उनको पहिलो गीत 'नेपालको माया...' रेडियो नेपालमा रेकर्ड भएको थियो। नेपाली मौलिक गीतहरुको खोजमा मुलुकका सयौँ गाउँबेँसीहरु घुम्नु भएको र नेपाली लोकसङ्गीतको भण्डारलाई समृद्ध बनाउन योगदान पुऱ्याएका उनलाई देशभित्र र प्रवासमा सयौँ पुरस्कार प्राप्त भएको थियो। वि.सं. २०५३ मा म्युजिक नेपालबाट उनको 'रिटिङ रिटिङ' नामक एकल गीति एल्वम बजारमा आएको थियो।

# भुसुडी खोलामा ट्रस पुल निर्माण



**बिर्तामोड, साउन ११।** बिर्तामोड नगरपालिका वडा नम्बर ९ स्थित भुसुडी खोलामा ट्रस पुल निर्माण भएको छ।

पुल नहुँदा सतालसिङ र डाँडागाउँ टोलका स्थानीयले वर्षौंदेखि वारीपारी गर्न समस्या भोग्दै आएका थिए। भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेशको २७ लाख ५८ हजार आठ सय एकाउन्न रुपैयाँ (भ्याट, पि.एसआईटम)सहितको लगानीमा १६ मिटर लम्बाई तथा १.६ मिटर चौडाईको पुल निर्माण भएको हो।

वडा नम्बर ९ का वडाध्यक्ष हरिप्रसाद चौलागाईले पुल बनेपछि शहीद लक्ष्मी प्राथमिक विद्यालय र दुर्गा माध्यमिक विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई आवतजावतमा सहज भएको बताए। उनले बर्खामा वारीपारी गर्न बाँसको फड्के लगाउने गरेको भए पनि यस वर्षदेखि त्यो समस्या समाधान भएको बताए। प्रदेश सांसद कमला थापा मगरको पहलमा पुलको बजेट विनियोजन भएको जनाइएको छ।

पुल निर्माणको काम सम्पन्न भएकोले चेकजाँच तथा अनुगमन गरी चाँडै हस्तान्तरण गरिने ठेकेदार कम्पनी आस्था निर्माण सेवा सुनसरीका प्रतिनिधि लिफाङ लिम्बूले जानकारी दिए। यस पुलबाट एक सय ७५ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित हुने बताइएको छ।

# दिक्तेल रूपाकोट मझुवागढीले थाल्यो बाँसजन्य वस्तु प्रवर्द्धन

**खोटाङ, साउन ११।** जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले बाँसजन्य वस्तुको उत्पादन तथा प्रवर्द्धन गर्न शुरु गरेको छ।

बाँसबाट बन्ने फर्निचर, भवन लगायत विभिन्न सामान उत्पादन गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न नगरपालिकाले बाँसजन्य वस्तुको प्रवर्द्धन गर्न शुरु गरेको हो। नगरपालिकामा बाँस प्रशस्त पाइने भएकाले विभिन्न किसिमका सामग्री उत्पादन गरेर रोजगारीका अवसर सिर्जना गर्नुका साथै बाँसजन्य वस्तुको प्रवर्द्धनमा जोड दिइएको नगरप्रमुख तीर्थराज भट्टराईले बताए। 'यसका लागि नीतिगत योजना पारित गरिसकेका छौँ। चालू आर्थिक वर्षमा विनियोजित १० लाख रुपैयाँबाट बाँसजन्य वस्तुको उत्पादन तथा प्रवर्द्धन शुरु गर्नेछौं' -उनले भने।

नगर प्रमुख भट्टराईले पालिकाले यसअघि पनि बाँसको उपयोग गरेर स्तनपान कक्ष बनाएको छ। 'यहाँ ११ प्रजातिका बाँस पाइन्छन्। यसबाट विभिन्न किसिमका



घरायसी सामान तथा भवन बनाउन सकिन्छ। यसैको उदाहरण स्वरूप नगरपालिकाको प्राङ्गणमा स्तनपान कक्ष बनाएका छौं' -उनले भने।

बाँसबाट विभिन्न घरायसी सामग्री निर्माण, उत्पादन तथा प्रवर्द्धनका लागि नगरपालिकाको तर्फबाट तालिम दिने तयारी गरिएको नगर प्रमुख भट्टराईले बताए। नगर मातहतका विभिन्न सरकारी तथा गैरसरकारी निकायका कार्यालयमा बाँसका सामान बिक्री गरिने बताउँदै स्थानीयस्तरमा सीप विकासका लागि नीतिगत योजना बनाएर तालिमको व्यवस्था गरिने उनले जानकारी दिए।

स्थानीयस्तरमा खेर गइरहेका बाँस प्रयोग गरी घरायसी सामग्री बनाएर प्रयोग गर्दा नगरको रकम बाहिर नजाने, सी विकास हुने, यहाँको पहिचान हुने, स्थानीयको अर्थतन्त्रमा सुधार हुनुका साथै युवापुस्तामा रोजगारी सिर्जना हुने नगर प्रमुख भट्टराईको विश्वास छ। स्थानीय बासिन्दाले उत्पादन गरेका बाँसका सामग्री बिक्रीका लागि नगरले बजार व्यवस्थापन गर्ने योजना रहेको उनले जानकारी दिए।

बाँसजन्य वस्तुको प्रवर्द्धनका लागि दिक्तेल बजारमा राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्ने तयारी गरिएको नगर कार्यालयले जनाएको छ। आगामी कात्तिक २, ३ र ४ गते दिक्तेल बजारमा राष्ट्रिय बाँस सम्मेलन गर्ने मिति निर्धारण गरिएको नगर प्रमुख भट्टराईले जानकारी दिए। उनका अनुसार तीन दिनसम्म सञ्चालन हुने सम्मेलन आयोजना गर्न नगरपालिकाले पाँच लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

सम्मेलनमा विभिन्न देशका बाँस सम्बन्धी विज्ञ, विश्वविद्यालय, व्यवसायी, पर्यावरणकर्मी तथा बाँसका पारखीहरू सहभागी हुने जनाइएको छ। नगर प्रमुख भट्टराई र उपप्रमुख विशन राईको कार्यकक्षमा बाँसका कुर्सी, टेबल लगायत फर्निचर प्रयोग गरिएका छन्। नगर प्रमुख र उपप्रमुख बाँसकै कुर्सीमा बसेर काम गर्छन्।

आफूहरु निर्वाचित भएर जनप्रतिनिधिका रुपमा आउनासाथ स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने नीति अनुसार बाँसका सामग्री उपयोग गर्न शुरु गरिएको उपप्रमुख राईले बताए। नगर प्रमुख र उपप्रमुखले आयातित सुविधायुक्त कुर्सी, टेबल लगायत सामग्री हटाएर बाँसका सामग्री उपयोग गर्न थालेपछि शुरुमा धेरैले असहज महशुस गरे पनि बिस्तारै सकारात्मक प्रतिक्रिया दिन थालेका छन्।

देशमा सङ्घीयता कार्यान्वयन हुनुभन्दा अगाडिबाटै १० स्थानीय तह रहेको जिल्लामा बाँसका सामग्री उत्पादन तथा बिक्री-वितरण हुँदै आएको थियो। जिल्लामा बाँसबाट उत्पादित नाङ्लो, डालो, थुम्से, कोक्रो लगायत घरायसी सामग्री जिल्ला बाहिरका सहरमा निर्यात हुँदै आएको व्यवसायीले बताउने गरेका छन्।

सङ्घीयता लागू भएपछि जिल्लाका सबै स्थानीय तहले घरेलु उत्पादनलाई प्रवर्द्धन गर्न नीति तथा कार्यक्रम बनाएर सहयोग उपलब्ध गराउँदै आएका छन्। निर्वाहमुखी व्यवसाय गर्दै आएका व्यवसायीका लागि स्थानीय तहले आर्थिक, प्राविधिक तथा औजार समेत उपलब्ध गराउन थालेपछि व्यावसायी घरेलु सामग्री उत्पादनमा हौसिएका छन्।

# गायिका पौडेल पुरस्कृत



**बिर्तामोड, साउन ११।** चर्चित गायिका मेनुका पौडेल नगद ५१ हजार राशीसहित सम्मानित भएकी छन्।

धर्मदर्शन फाउण्डेशनद्वारा सञ्चालित धर्मदर्शन कला-संस्कृति पुस्कार २०८१ बाट पौडेल सम्मानित भएकी हुन्।

भरतपुर-१ देवघाटमा अवस्थित धर्मदर्शन आश्रममा आयोजित एक कार्यक्रमका बीच धर्मदर्शन आश्रमका अध्यक्ष पं. कुँवेर सुवेदीले गायिका पौडेललाई नगदसहित सम्मान गरेका हुन्।

कला र गलाद्वारा विश्वभर छाउन सफल, बाल्यकालदेखि नै सामवेद संगीत गायनलाई रागकर्ता जुर्नेभुत अर्जुनले राग आलाप गरे जसरी नै गायनको माध्यमबाट इण्डियन आईडल रियालिटी सोमा सर्वोकृष्ट १०औं स्थान प्राप्त गर्न सफल भए पनि प्रथम स्थानकै प्रतिभा प्रष्फुटन भएको र उस्तै सम्मान तथा प्रसंशा प्राप्त गर्न सफल भएकोमा यस पटक गायिका पौडेललाई यो पुरस्कार प्रदान गरिएको धर्मदर्शन फाउण्डेश सचिवालयले जनाएको छ। गायिका पौडेल झापा निवासी हुन्।


## राहदानी हरायो

काठमाडौँबाट बिर्तामोड आउने क्रममा यही मिति २०८१।०३।०१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- लदिना राई
**ठेगाना**:- गरामनी-९, झापा
**हालको** :- बिर्तामोड-१०, झापा
**राहदानी नं.**:- १०३२७३२४
**सम्पर्क** :- ९७६३५१५२८८

## बिमालेख हरायो

बिर्तामोडबाट कचनकबल जाने क्रममा यही मिति २०८१/०२/२० गते मेरो निम्न व्योहराको युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- कर्णलाल राजवंशी
**ठेगाना**:- कचनकबल गापा-७, झापा
**पोलेसी नं.** :- १०६००००१११
**कम्पनी नाम**: युनियन लाइफ इन्स्योरेन्स क. लि.
**सम्पर्क**: ९८०४९७६३०८

उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क :
९८०४९५४४००,
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९८१३६७६६२२ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई




बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष: ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की: ९८१६९४०१७३
मे १ ज १६७०


भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| अग्नी प्रसाद पुवार खड्का | डाँगीबारी-५ | ७७५ | ०-५-० | सिधा नाथ राजवंशी |
| अग्नी प्रसाद पुवार खड्का | घैलाडुब्बा-५ | ७७३ | ०-१-० | सिध नाथ राजवंशी |
| डिल्लीमाया खड्का | डाँगीबारी-५ | ९०२ | ०-०-१० | मनका राजवंशी गनग्रा राजवंशी |
| डिल्लीमाया खड्का | घैलाडुब्बा-५ | ९०२ | ०-०-१० | गेन्दा राजवंशी |
| बसन्ती अधिकारी | पाराखोपी-६ | ४८५८ | ०-०-१४.५ | विष्णुमाया विष्णुमान खड्का |
| रत्नकुमारी बोहोरा | पाराखोपी-६ | ११५<br>४८५९<br>४८६० | ०-६-१५<br>०-१-१८<br>०-३-१७.५ | विष्णुमाया विष्णुमान खड्का |
| इन्द्र कुमार गणेश | पाठामारी-६ | २९३ | ८७०.०० | छोटा जेठा सतार, छोटो जेठा सतार |
| गोविन्द बहादुर श्रेष्ठ | राजघाट-५ ख | १४९ | ०-१०-१२ | मचद राजवंशी |
| माघा राजवंशी | चकचकी-६ | ५२९ | ०-६-५ | सुराई सुरेन सतार, सुराइ सतार |
| माघा राजवंशी | चकचकी-६ | १३८३ | ०-१४-० | लखन मुर्मु सतार लखन सतार |
| रामकुमार सिंह राजवंशी | चकचकी-६ | ८९४ | ०-७-१० | लखन सतार लखन मुर्मु सतार |
| रामकुमार सिंह राजवंशी | चकचकी-६ | ३७१ | ०-२-१० | जेठा मुर्मु सतार |
| रामकुमार सिंह राजवंशी | चकचकी-६ | ३७२<br>७२७ | ०-४-०<br>०-२-१० | धैराज धैरज राजवंशी |
| रामकुमार सिंह राजवंशी | चकचकी-६ | ३६८ | ०-४-१० | सुराई सोरेन, सुराइ सुरेन सतार |
| रामकुमार सिंह राजवंशी | चकचकी-६ | ३७० | ०-२-१५ | बुधराई हेमरम सतार, सानो बुधराई हेमरम |
| नारायणी राजवंशी | टाघनडुब्बा-४ | ५५२ | ६६१.०० | सकिया गणेश सकुवा राजवंशी निहाक राजवंशी |



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आज जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
तपाईको आजको दिन फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
तपाइँको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ।